# काठमाडौं महानगरपालिका

[illegible]

काठमाडौं प्लाजा, काठमाडौं,

बागमती प्रदेश, नेपाल

(राजस्व विभाग)


पत्र संख्या : २०८२/०८३

चलानी नं.: ९७६

मिति: २०८३/०२/१३

ने.स. ११४६ अनलाथ्व एकादसि

श्री सबै वडा कार्यालयहरु,
काठमाडौँ महानगरपालिका।

विषयः कर अनुगमन टोली परिचालन सम्वन्धमा।

प्रस्तुत विषयमा काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को कूल राजस्व असुली प्रक्षेपण रु १५ अर्ब ११ करोड ४३ लाख ४१ हजार रहेकोमा मिति २०८३/०२/११ गतेसम्म ९ अर्ब १३ करोड ७६ लाख ७३ हजार ६ सय छयाहत्तर असुल हुन गएको छ जुन कूल प्रक्षेपणको ६०.४५ प्रतिशत हुन आउँछ ।

चालु आर्थिक बर्षमा अपेक्षित लक्ष्य हाँसिल गर्न महानगरपालिका क्षेत्रभित्र रहेका र करको दायरामा नआएका सम्पत्ति कर,घर वहाल कर र व्यवसाय कर तिर्ने दायित्व भएका करदाताहरुको प्रारम्भिक तथ्यांक (स्थलगत रुपमा ) संकलन गर्ने तथा काठमाडौँ महानगरपालिकाको करको दयारामा आएका तर चालु आर्थिक वर्षको कर तिर्न बाँकी रहेका करदातालाइ समेत घरदैलोमा नै गइ कर तिर्न अनुरोध गरी राजस्व संकलन वृद्धि गर्ने लक्ष्य राखिएको छ।

महानगरपालिकाले असुल गर्ने सबै कर वडातहबाट संकलन गरी आएको परिप्रेक्ष्यमा माथि उल्लेखित कार्य प्रभावकारी रुपले सम्पदान गर्न महानगरपालिकाका जनप्रतिनिधिज्यूहरु वडा संचिव लगायत राजस्वमा काम गर्ने कर्मचारीको भूमिका महत्वपूर्ण हुन आउँछ | यसै तथ्यलाई मध्यनजर गरी यस कार्यालयको मिति २०८३।०१।३१ (प्रमुख प्रशासकीय अधिकृत स्तरीय ) निर्णयानुसार त्रिभुवन विश्व विद्यालय, शंकरदेव क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नको रुपमा लिने, इन्टर्नको रुपमा खटिइ आउने विद्यार्थी सम्मिलित गराई कम्तिमा एकजना जनप्रतिनिधि, वडा सचिव वा राजस्वमा काम गर्ने कर्मचारी सम्मिलित संयुक्त अनुगमन टोली खटाउने, अनुगमन टोलीले करको दायरामा नआएका करदाताको तथ्यांक राजस्व विभागबाट विकास गरिएको सूचना प्रविधिमा आधारित सफ्टवेयर प्रणालीमा प्रविष्ट गरी विभागलाई उपलध गराउने र विभागले सो तथ्यांकको आधारमा करदाताको विवरण अध्यावधिक गर्ने गरी इन्टर्नमा आएका विद्यार्थी खटाइएको व्यहोरा अनुरोध छ। अनुगमन टोली परिचालन गरी काठमाडौँ महानगरपालिकाले लक्ष्य पुरा गर्न वडा अध्यक्ष लगायत अन्य जनप्रतिनिधिज्यूहरुसंग आवश्यक समन्वय गरी कार्य गर्नुहुन आदेशानुसार अनुरोध गर्दछु। अनुगमनमा खटिएको अवधिको प्रतिव्यक्ति दैनिक पारिश्रमिक रु ५००/ वडामा निकासा गरिने व्यहोरा समेत अनुरोध गर्दछु ।

**अनुगमन टोलीको कार्य विवरण निम्न बमोजिम तोकिएको छ :**

१. वडाका सदस्य संयोजक, वडा सचिव वा राजस्व हेर्ने कर्मचारी र तोकिएको इन्टर्न सदस्य रहेको ३ जनाको टोली रहने। ठूला वडामा २ ८ सम्म खटाउन सकिने छ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, काठमाडौं,
बागमती प्रदेश, नेपाल
(राजस्व विभाग)

पत्र संख्या : २०८२/०८३
चलानी नं.:

२. प्रत्येक विद्यार्थीले सम्बन्धित वडा कार्यालयले तोकेको अनुकुल समयमा प्रत्येकदिन ४ घण्टाको दरले कर तिर्न बुझाउन अनुरोध गर्ने तथा तथ्यांक संकलनका लागि खट्नुपर्नेछ। करदाताले तिर्नु/ बुझाउनु पर्ने करको विषय खुलाई एक हप्ता भित्र सम्बन्धित वडामा गइ कर दाखिला गर्न टोलीले पत्र जारी गर्नुपर्नेछ

३. प्रत्येक विद्यार्थीले एक दिनमा कम्तिमा २० जना करदाताको सम्पत्ति,व्यवसाय र घर बहाल तिरे नतिरेको स्थलगत रुपमा गइ तिर्न अनुरोध गर्ने, महानगरपालिकाको करको दायरामा नआएका करदाताको तथ्यांक संकलन गर्ने कार्यका लागि वडाका कर्मचारी र जनप्रतिनिधिले सहजीकरण गर्नुपर्नेछ।

४. संकलन भएका करदाताको तथ्यांक तोकिएको अनलाइन प्रणाली मार्फत काठमाडौं महानगरपालिका, राजस्व विभागमा उपलब्ध गराउनुपर्नेछ

५. संकलन गरिएको तथ्यांक अरु कसैलाई उपलब्ध गराउन पाइनेछैन, उपलब्ध गराएको पुष्टी भएमा कानुन बमोजिम कारबाही गरिनेछ।

६. करदाताको घर/ व्यवसायस्थलमा जाँदा राजस्व विभागबाट उपलब्ध गराइएको कर अनुगमनका लागि पहिचान झल्किने गरी तयार गरिएको ज्याकेट लगाउनु पर्नेछ।

७. खटिने जनप्रतिनिधि/ कर्मचारी/ विद्यार्थीका लागि नियमित हाजीरी र कार्य प्रतिवेदनको आधारमा प्रतिदिन रु ५००/- उपलब्ध गराइनेछ।

८. खटिने विद्यार्थी / कर्मचारीले करदातासमक्ष शिष्ट र मर्यादित किसिमको व्यवहार गर्नुपर्नेछ।

९. इन्टर्न विद्यार्थीहरुका लागि मात्र इन्टरनेट खर्च बापत एकमुष्ट रु १०००/ काठमाडौं महानगरपालिकाको तर्फबाट उपलब्ध हुनेछ।

१०. अनुगमन टोलीलाई असहयोग गर्ने, माग गरेको विवरण उपलब्ध नगराउने, अशिष्ट व्यवहार गर्ने करदाताको जानकारी तत्काल नगर प्रहरीलाई गराउनु पर्ने र आवश्यकता अनुसार नगर प्रहरीको सहयोग प्राप्त गर्नु पर्नेछ।

.....................
दीपक अधिकारी
विभागीय प्रमुख

**सादर अवगतार्थ:**

श्रीमान् कार्यवाहक प्रमुखज्यू
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

**बोधार्थ:**

श्री वित्त विभागः मिति २०८३।०१।३१ को प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयानुसारको रकम वडा निकासा पठाइदिन हुन।
श्री सूचना प्रविधि विभागः यो पत्र काठमाडौं महानगरपालिकाको वेवसाइटमा अपलोड गरिदिन हुन।

काठमाडौं प्लाजा, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenuedept@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np